annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १३१ पृष्ठ १० | काठमाडौं, आइतबार २३ भदौ २०८१ | भाद्र शुक्लपक्ष पञ्चमी नेपाल संवत् ११४४ | SUNDAY, SEPTEMBER 8, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# ओली–प्रचण्ड किन बढ्दै छ दूरी ?

एमाले-कांग्रेस सत्ता समीकरणपछि प्रधानमन्त्री ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डबीच 'पानी बाराबारको' अवस्था छ। यी दुई नेताबीच दिनहुँजसो आरोप प्रत्यारोपको शृंखला नै चलेको छ। सरकार असफल पार्न प्रचण्डले अनेक गलत आरोप लगाउन थालेको भन्दै ओली आक्रोशित छन्। प्रचण्ड भने आफ्नो पार्टी नै सकिदिने तहमा ओली पुग्छन कि भन्ने त्रासमा छन्।




**ओली आक्रोशका कारण**

- श्रीलंका र बंगलादेशबाट सिक्न प्रचण्डले दिएको चेतावनी
- डेडिकेटेड र ट्रंक लाइन विवादमा कुलमानलाई च्यापेर सरकार विरुद्ध अनेक आरोप लाउनु।
- सडक आन्दोलन गर्न प्रचण्डले गरेको अपिल
- संविधानका संघीयता र समावेशितामा एक्लो स्वामित्व लिन खोज्दै संशोधनमार्फत सिध्याउन खोजेको गठबन्धनलाई प्रचण्डले आरोप लगाउनु
- आफूलाई धोकेवाज भनेकोमा
- अघिल्ला सरकारका आफूअनुकूलका कतिपय निर्णय उल्टाउन खोजेको प्रचण्डको आरोप

**प्रचण्डका डर**

- थ्रेसहोल्ड बढ्न सक्ने
- पार्टी सकिदिने डर
- सत्ताबाट पूर्णरूपमा बिमुख भइने
- पार्टी फुटाइदिने डर
- संविधान संशोधन
- द्वन्द्वकालीन मुद्दा
- भ्रष्टाचारमा मुछिने आशंका
- भूराजनीतिमा पछारिने

समाचार पृष्ठ २

**नरेन्द्र साउद** | *काठमाडौं*

**– को रिपोर्ट**

# स्थानीय तहको बेथिति रोक्न नागरिक दबाब आवश्यक



**राजमणि भण्डारी**

इजलास

स्थानीय तहको वार्षिक आर्थिक गतिविधिको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयले प्रत्येक आर्थिक वर्षको अन्त्यपछि गर्ने गरेको छ। पछिल्लो समय महालेखाको प्रतिवेदनप्रति जनताले चासो देखाउन थालेका छन्। संखुवासभाका १० स्थानीय तहमध्ये सबैभन्दा बढी जनघनत्व भएको खाँदबारी नगरपालिका हो। एक आर्थिक वर्षमा मात्रै ५४ लाख हाराहारीको बेरुजु देखिएको छ। तर, नगरपालिकाले बेरुजु असुल गर्नेतिर फिटिक्कै ध्यान दिएको छैन।

खाँदबारीमा भ्रमण भत्ताको नाममा ३० लाखको हाराहारीमा रकम निकासा भएको छ। काम भएको कुनै आधार प्रमाण छैन। तर, यो शीर्षकमा लाखौं रकम निकासा भएको महालेखाको प्रतिवेदनमा उल्लेख छ। कर्मचारीहरूको तलब ५/७ महिनामा मात्रै निकासा गर्ने गरिएको छ। सामान खरिद गर्दा सार्वजनिक खरिद ऐनको व्यापक उल्लंघन गरिएको पनि महालेखाको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार तोक आदेशका भरमा दरबन्दी बिनाका झन्डै ८५ जना कर्मचारी नियुक्त गरेर करिब डेढ करोड हाराहारीको आर्थिक भार पालिकामा थोपरिएको छ। समग्रमा भन्दा खाँदबारी नगरपालिका आर्थिक अनुशासन पालनामा असफल भएको संकेत प्रतिवेदनले गरेको छ।

अब जनता नै सचेत हुने बेला आएको छ। आफ्ना जनप्रतिनिधिलाई खबरदारी गर्नुपर्छ। सूचनाको हकको प्रयोग गरेर पालिकाले गरेका कामको जानकारी लिनुपर्छ। गलत लागेका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रमा उजुरी गर्नुपर्छ। सञ्चारकर्मीले पनि स्थानीय तहभित्रका बेथिति र बिसंगतिको बिरुद्धमा कलम चलाउनपर्‍यो। स्थानीय सरकार सञ्चालन ऐनको विपरीत चलेका स्थानीय सरकारलाई सही बाटोमा ल्याउने अचुक अस्त्र नागरिकको सचेतना र सकारात्मक दबाब नै हो।

*(भण्डारी खाँदबारी-८ का बासिन्दा हुन्।)*

# बल्ल पूरा हुँदै पढ्ने रहर

## बेसहारा बालबालिकाको अभिभावक, स्थानीय सरकार

**सुन्दर शिरीष** | *सिन्धुपाल्चोक*



स्नेहा तामाङ पाँच वर्षकी भइन्। उनलाई पढ्ने ठूलो रहर छ। 'धेरै पढ्ने रहर छ, पढेर ठूलो मान्छे बन्छु,' तोतेबोलीमा उनी भन्छिन्।

सिन्धुपाल्चोकको सदरमुकाम रहेको चौतारा साँगाचोकगढी नगरपालिका-५ कि उनले पाँच वर्षसम्म विद्यालय टेक्न पाइनन्। बुवा र आमाको अवस्था अज्ञात रहेको उनी छिमेकी वृद्ध हजुरबा, हजुरआमासँग बस्दै आएकी थिइन्। विद्यालय जाने उमेर भइसक्दा पनि पारिवारिक अवस्थाका कारण उनी विद्यालय पुग्न नपाएकी हुन्।

सैनिक बनेर देशको रक्षा गर्ने सपना देखेका चौतारा साँगाचोकगढी नगरपालिका- ११ फँलाटेका १३ वर्षीय समीर नेपालीकी आमालाई ब्लड क्यान्सर भयो। सानैमा बुवा बितेका थिए। ब्लड क्यान्सरको उपचारका लागि आमालाई उनका दाजुले दुई वर्षअघि काठमाडौं लगे। काठमाडौंमा सवारीसाधन चलाएर दाजुले कमाएको पैसाले आमाको उपचार गर्न त पुग्दैन, समीरको पढाइमा कसरी खर्च गर्नु? ठूलीआमाको परिवारको आर्थिक स्थिति पनि राम्रो नभएकाले समीरको पढ्ने सपना सपनामै सीमित भयो। 'पढ्ने धेरै रहर छ, तर कापी, ड्रेस किन्ने पैसा थिएन', उनी भन्छन्।

तर, स्नेहा र समीरजस्तै बेसहारा १९ जना बालबालिकाले सहारा पाएका छन्। चौतारा साँगाचोकगढी नगरपालिकाले सहिद स्मृति आवासीय बालग्राम सञ्चालनमा ल्याएर उनीहरूको अभिभावकत्व ग्रहण गरेको छ। नगरपालिकाले वडा नम्बर ७ मा रहेको दरबारडाँडामा बालग्राम सञ्चालन गरी अभिभावक जेलमा परेका, बाबु/आमाले दोस्रो बिहे गरेपछि बिचल्लीमा परेका, कुमारी आमाबाट जन्मिएका, आर्थिक रूपले विपन्न, आमाबाबुविहीन, विद्यालय मर्जका कारण शैक्षिक सुविधाबाट वञ्चित भएका बालबालिकाहरूलाई निःशुल्क गाँस, बास र शिक्षाको अवसर दिएको छ।

नगरपालिकाले अभिभावकत्व ग्रहण गरेपछि ठूलोसिरुवारीका आशिष पुरी निकै खुसी छन्। उनका बुवाको क्यान्सरका कारण मृत्यु भयो। आमाले दोस्रो विवाह गरिन्। बुवाआमाको साथ गुमाएपछि बेवारिसे थिए, पुरी। 'अहिले राम्रोसँग बस्न, खान र पढ्न पाएका छौं', पुरीले भने- 'नगरपालिकाले हामीलाई अर्को जीवन दियो। धेरै खुसी लागेको छ।'

» बाँकी पृष्ठ ५

